नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(आन्तरिक व्यवस्थापन शाखा)

प.सं. : ०७७/०७८/आ.व्य.

च.नं. : ४३५

मिति : २०७८।३।२४

**श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र,सानोठिमी, भक्तपुर। (निर्णय कार्यान्वयनका लागि)**

**श्री शिक्षा विकास तथा समन्वय इकाई, ३१वटा**

**(अर्घाखाँची,बाग्लुङ,भक्तपुर,भोजपुर,चितवन,धादिङ,धनकुटा,दोलखा,गोरखा,गुल्मी,कास्की, काठमाण्डौं,काभ्रेपलाञ्चोक,खोटाङ,ललितपुर,लम्जुङ,मकवानपुर,म्याग्दी,पूर्वीनवलपरासी,नुवाकोट, ओखलढुङ्गा,पाल्पा,पर्वत,रामेछाप,रसुवा,संखुवासभा,सिन्धुली,सिन्धुपाल्चोक,सोलुखुम्बु,स्याङ्जा,तनहुँ)**

बिषय : कार्यालय व्यवस्थापन सम्बन्धमा।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको च.नं. २२४४ मिति २०७८।०३।२१ को पत्रबाट भूकम्पबाट क्षतिग्रस्त बिध्यालय पुनर्निर्माण कार्यका लागि स्थापना भएका भूकम्पबाट प्रभावित ३१ वटा जिल्लामा हाल घरभाडामा लिई कार्यालय संचालन हुदै आएको छ। मिति २०७८ पौष ९ गते राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अवधि समाप्त हुने भएकोले जिल्ला स्थित जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले यथाशक्य २०७८ असार मसान्त सम्म कार्य सम्पन्न गर्ने लक्ष्य राखिएता पनि कोभिड १९ को कारण कार्य सम्पन्न हुन नसकेकोले केही समय जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) को कार्य संचालन यथावत गर्नु पर्ने भएकोले २०७८ श्रावण देखि जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) लाई घरभाडा न्यून व्यवस्था भएको हुँदा तोकिएको अवधि पछि तँहा मन्त्रालयमा हस्तान्तरण भई जाने भएकोले २०७८ श्रावण १ गते देखि तहाँ मन्त्रालय अन्तर्गत शिक्षा विकास तथा समन्वय इकाईमा कार्यालय सार्ने व्यवस्था मिलाउन आवश्यक सहयोग एवं समन्वय गरिदिनुहुन मिति २०७७।०३।२१ को निर्णयानुसार अनुरोध छ भनि लेखि आएको र यस मन्त्रालय (सचिवस्तर) बाट मिति २०७८।३।२३ मा जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) लाई शिक्षा विकास तथा समन्वय इकाईमा सार्ने शिक्षा तथा मानव श्रोत बिकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाईलाई लेखि पठाउने निर्णय भएकोले २०७८ श्रावण १ गते देखि जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) को कार्य संचालन तहाँ इकाईमा कार्यालय व्यवस्थापन गरी संचालन हुने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ।

<u>बोधार्थ</u>

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाडौं।

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा), ज्ञानेश्वर, काठमाडौं।

०७८।३।२४

(एकराज आचार्य)

शाखा अधिकृत